# सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पाँचौं संशोधन) कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१।०३।२६ गते

सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ लाई पाँचौ पटक संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. सङ्क्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पाचौँ संशोधन) कार्यविधि, २०८१" हुनेछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "मूल कार्यविधि" भन्नाले "सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४" लाई जनाउनेछ।

३. मूल कार्यविधिको दफा ३क. पछि देहायको ३ख. राखिएको छ।

३ख. (१) निर्माण व्यवसायी सेवा फर्म/कम्पनी दर्ता भएको निकायबाट फर्म/ कम्पनीको नाम संशोधन भई देहायका कागजात सहित नाम संशोधनका लागि निवेदन पेश हुन आएमा कार्यालयले फर्म/ कम्पनीको नाम संशोधन गरिदिन सक्नेछ।

(क) निर्माण व्यवसाय फर्म/कम्पनीको नाम संशोधन भई आएको सम्बन्धित निकायको पत्र।

(ख) फर्म/ कम्पनिको निवेदन।

(ग) राजस्व रकम बुझाएको रसिद।